# शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालयको यार्सागुम्बा संकलन सम्बन्धी सुचना

डोल्पा जिल्लाको शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज क्षेत्रमा पाईने बहुमुल्य जडिबुटी यार्सागुम्बा स्थानिय मानिसहरुको मुख्य आम्दानीको श्रोत रहि आएकोले उक्त बुहुमुल्य जडिबुटी संकलनको लागि यस वर्ष २०८१ जेठ १० गतेदेखि लागु हुनेगरी मिति २०८१।०२।०५ गते देखि संकलन ईजाजत पत्र शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मुख्य कार्यालय सुलिगाड र पतिहाल्ना, सेक्टर कार्यालयको वाइरि र डोल्फुगाउँ, जोईजम पोष्ट, लसुनपानि , त्रिपुराकोटको छल, छेप्का पोष्टको साङटा, सम्दुवा पोष्ट, रिम्मो पोष्ट, धो रेञ्ज पोष्टको सिसौल, कलङ, ताक्सी गाउँ बाट वितरण हुने व्यहोरा सबैमा सूचित गरिन्छ ।

यार्सागुम्बा संकलकले अनिवार्य रुपमा आफ्नो नागरिताको प्रतिलिपी लगायत आफ्नो परिचय खुल्ने प्रमाण लिई शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको मुख्य कार्यालय सुलिगाड वा आफुलाई पायक पर्ने सेक्टर कार्यालय, रेञ्जपोष्ट, पोष्टहरुमा [illegible] पर्ने छ।

शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र भित्रका स्थानिय बासिन्दाले हरियो रंगको अनुमति पत्र प्रति व्यक्ती रु ५००।( पाच सय रुपैया), निकुञ्जको मध्यवर्ती क्षेत्र भन्दा बाहिर तर जिल्ला भित्रका बासिन्दाले पहेलो रंगको अनुमति पत्र प्रति व्यक्ति रु २०००।( दुई हजार रुपैया), र अन्य जिल्लाका बासिन्दाले रातो रंगको अनुमति पत्र प्रति व्यक्ति रु ३०००।( तिन हजार रुपैया ) यार्सागुम्बा संकलन ईजाजत वापतको दस्तुर बुझाई संकलन अनुमति पत्र लिनु पर्नेछ ।

<u>संकलनकर्ताहरुले निम्न कुराहरुमा ध्यान दिनहुन समेत जानकारी सहित सूचित गराईन्छ ।</u>

- यार्सागुम्बा संकलन गर्ने अवधि जेष्ठ दोस्रो हप्ता देखि वढीमा अषाढ मसान्तसम्म हुनेछ । संकलन अनुमतिको बहाल रहने म्याद वढीमा ३० ( तीस ) दिनसम्मको हुनेछ । एक जना व्यक्तीलाई एक पटक भन्दा बढी संकलनको अनुमती दिईने छैन ।
- संकलन अनुमति पत्र संकलन अवधिभर अनिवार्यरुपमा साथमा राखु पर्नेछ । स्मरण रहोस यो संकलन अनुमति पत्र नै संकलन यार्सागुम्बा ओसार पसार गर्ने पाउने प्रमाणको रुपमा प्रयोग हुनेछ ।
- संकलन अनुमति पत्र नलिई यार्सागुम्बा संकलन गरेको भेटिएमा वा ओसारपसार गरेको भेटिएमा संकलन सामाग्री जफत गरि नियमानुसार कारवाही गरिनेछ ।
- संकलन कर्ताहरुले खुकुरी, बन्चरो र बन्दुक जस्ता हातहतियारहरु साथमा लैजान पाईने छैन ।
- संकलन अवधिमा कुनै पनि वन पैदावरको हानि नोक्सानी, वन्यजन्तुको चोरिशिकार तथा जथाभावी प्लाष्टिक जन्य फोहोर फाल्न एवं खुल्लारुपमा दिसापिसाव गर्न नपाईने साथै सिसा जन्य पदार्थहरु लिन नपाइने ।
- **आफ्नो यार्सागुम्बा संकलन पुर्जी लिइएको पाटन क्षेत्रमा मदिरापान बेचविखन गर्न, जुवातास तथा अन्य खेलहरु खेल्न र खेलाउन नपाईने ।**
- यार्सागुम्बा संकलन गर्दा यार्सागुम्बा व्यवस्थापन ( संकलन तथा ओसार पसार ) निर्देशिका २०७३ अनुरुप गर्नु पर्नेछ
- शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालयको संकलन ईजाजत विना कुनै पनि जडिबुटी संकलन गर्न पाईने छैन ।
- वन तथा वन्यजन्तुलाई क्षति पुर्याउने कुनै प्रकारको गतिविधी गर्न पाईने छैन ।
- सार्वजनिक शान्ती सुरक्षामा खलल पुर्याउने कुनैकार्य गर्न पाईने छैन ।
- ऐन नियम विपरितका कुनै कार्य गर्न, गराउन पाईने छैन ।

**शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज कार्यालय, सुलिगाड, डोल्पा ।**

**सम्पर्क फोन: ०८७५५०१५३,०८७५५०१०४, ९८५८०८०७३९,९८५८०३१२२७**

निमित्त वरिष्ठ संरक्षण अधिकृत

CamScanner